



# प्रदेश-३



सञ्चार माध्यममा पत्रकार महासंघको शाखासँगै ट्रेड युनियन खोलेर श्रम र अधिकारका बारेमा आवाज उठाउनुपर्ने आचार्यले बताए।

# हेटौंडाका 'टोल-टोलमा प्रहरी'

**नेपाल समाचारपत्र**

हेटौंडा

'जिल्ला प्रहरी कार्यालय मकवानपुरको अठोट-शान्तिसुरक्षा कायम तथा अपराध नियन्त्रित मकवानपुर जिल्लाको बनोट' तथा 'टोल-टोलमा प्रहरी' विषयक अन्तर्क्रिया भएको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले शुक्रबार कार्यक्रम गरेको हो। सामुदायिक प्रहरी सेवाको अवधारणाअनुरुप नागरिकमैत्री प्रहरीका रुपमा छवि विस्तारमा तीव्रता दिन, जनताको घरदैलोमा प्रहरी पुगेर सुरक्षा सरोकार विषयमा सुसूचित गराउने तथा वस्तुगत पारिस्थिति पद्धति विकास गर्न प्रत्येक वडामा ४ वटाका दरले टोल विभाजन गरी प्रत्येक टोलमा ४ प्रहरी खटाएर सेवा थालेको छ।

आफ्नो टोलका प्रत्येक जनताको घरदैलोमा प्रहरी पुगी सुरक्षा सरोकार विषयमा सुझाव, सल्लाह आदानप्रदान र टोलको वस्तुस्थितिबारे अभिलेख राखी प्रहरी कार्यलाई सहज बनाउनुका साथै अपराध अनुसन्धान तथा नियन्त्रणमा उपलब्धिमूलक नतिजाका प्रहरीले कार्ययोजना तयार गरी 'टोल-टोलमा प्रहरी' कार्यक्रम लागू गरिएको छ।

'सामुदायिक प्रहरी सेवाको प्रभावकारी कार्यान्वयनका माध्यमबाट अपराध रोकथाम गर्दै, अपराध अनुसन्धान तथा शान्ति र सुव्यवस्था कायम गर्ने कार्यमा सहयोग गरिनेछ', प्रहरी उपरीक्षक लोकेन्द्र श्रेष्ठले भन्नुभयो- 'समुदाय र प्रहरीको सहकार्य र समन्वयमा अपराध र अपराधजन्य समस्या पहिचान र समाधान गरी अपराधको दर घटाएर समुदाय र प्रहरीबीच दुरी कम गरी विश्वास अभिवृद्धि गर्ने लक्ष्य लिइएको छ।'

उपलब्ध साधनस्रोत तथा जनशक्तिको अधिकतम् प्रयोग गर्दै प्रहरी र समुदायबीच समन्वय र सहकार्यमा जनताको घरदैलोमा पुगी प्रभावकारीरुपमा प्रहरी सेवा प्रदान गर्नु नै 'टोल-टोलमा प्रहरी' अभियान कार्यक्रमको उद्धेश्य छ।

सामुदायिक प्रहरी शाखा तथा सामुदायिक प्रहरीले 'प्रहरी मेरो साथी', सामुदायिक प्रहरी क्रियाकलापलाई 'टोल-टोलमा प्रहरी अभियान' कार्यक्रमअन्तर्गत् सञ्चालन गरिने, समुदाय र प्रहरीबीच बलियो साझेदारी प्रभावकारी सामुदायिक प्रहरी सेवाको मूल आधार भएको हुँदा स्थानीय सुरक्षामा समुदाय र प्रहरीबीच साझेदारीलाई सुनिश्चित गर्न जिल्ला प्रहरी, इलाका प्रहरी, वडा प्रहरी र आवश्यकताअनुसार प्रहरी चौकी र सामुदायिक प्रहरीले प्रहरीलाई सहयोग गर्ने, प्रहरीसँग समन्वय र सहकार्य गर्न इच्छुक संघसंस्था, नागरिक समाज, जनप्रतिनिधि, विद्यालय, विभिन्न समूह, क्लब, पूर्वप्रहरी तथा राष्ट्रसेवक, टोल सुधार समिति आदिसँग समन्वय र सहकार्य गरिने प्रउ श्रेष्ठले स्पष्ट पार्नुभयो।

जिल्ला प्रहरीले हेटौंडाका १९ वटा वडालाई ४ वटा टोलमा विभाजन गरी ७६ टोल विभाजन गरेर प्रत्येक टोलमा १/१ जिम्मेवार प्रहरी खटाएको छ। यसले स्थानीयसँग समन्वय गरी अपराध अनुसन्धान तथा नियन्त्रणमा टेवा पुऱ्याउनुका साथै समृद्ध नेपाल निर्माणका लागि जनतासँग समन्वय र सहकार्यका लागि प्राथमिकता छनौट गरी कार्ययोजना तयार गरी लागू गर्न लागिएको छ।

प्रहरी प्रत्येक नागरिकको घरदैलोमा प्रत्यक्ष उपस्थित भएर सुरक्षा सरोकारका विषयमा जानकारी लिने, स्थानीय समुदायमा सुरक्षा सचेतना अभिवृद्धि गर्ने कार्यले समुदाय र प्रहरीबीच विश्वास अभिवृद्धि हुने, समुदाय र प्रहरीबीच समन्वय र सहकार्यले बिचौलिया निरुत्साहित हुने उहाँको विश्वास छ।

# नगरसभा सम्पन्न

**नेपाल समाचारपत्र**

नुवाकोट

नुवाकोटको बेलकोटगढी नगरपालिकाको दोस्रो नगरसभा सम्पन्न भएको छ। नगरसभाले विभिन्न १६ वटा नयाँ कानुन कार्यान्वयनमा ल्याएको छ।

बेलकोटगढी नगरपालिकाको कार्यालय बाघखोरमा नगरकार्यपालिका बैठक र दोस्रो नगरसभा (व्यवस्थापिका बैठक)ले सर्वसम्मतरुपमा पारित गर्दै ऐन, नियमावली, कार्यविधि र आचारसंहिता समावेश भएको १६ वटा नयाँ कानुन कार्यान्वयनमा आएको नगरका प्रमुख राजेन्द्ररमण खनालले बताउनुभयो।

खनालका अनुसार बेलकोटगढी नगरपालिका-११ का वडाध्यक्ष रामहरि पाण्डेको संयोजकत्वमा गठित विधेयक समितिले तयार बनाएको कानुनलाई नगरकार्यपालिका बैठक र दोस्रो नगरसभामा दफाबार छलफल तथा सभाका सदस्यको राय र सुझावका आधारमा अन्तिम रुप दिएर कानुन जारी गरिएको हो। कार्यान्वयनमा आएको कानुनमा बजार अनुगमन निर्देशिका 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्यविधि, शिक्षा ऐन, सहकारी ऐन, राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, न्यायिक समितिले उजुरीको कारबाही (किनारा लगाउँदा अपनाउनुपर्ने) कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक छ। यस्तै अन्य कानुनमा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, करारमा प्राविधिक कर्मचारी व्यवस्थित गर्ने कार्यविधि, निर्माण व्यवसाय ऐन, एफएम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि, कृषि व्यवसाय प्रवर्द्धन ऐन, जलस्रोत उपयोगसम्बन्धी ऐन, नगरका पदाधिकारीको आचारसंहिता, उपभोक्ता समिति गठन (परिचालन व्यवस्थापन) सम्बन्धी कार्यविधि र आर्थिक सहायता पुरस्कार कार्यविधि रहेको छ।

नगरपालिकाको नेतृत्व जनप्रतिनिधिले लिएको १ वर्षपछि बल्ल पहिलोपटक कानुन जारी भएकाले काम कारबाहीका लागि सहजता पुग्ने विश्वास लिएको उपप्रमुख कविता ढुङ्गानाले जानकारी दिनुभयो। उहाँको अनुसार नगरपालिकाको नियमित काम सञ्चालन गर्न कम्तीमा ४२ नयाँ कानुन आवश्यक पर्ने भए पनि केन्द्रले पठाएको नमुनाका आधारमा विधेयक समितिमार्फत पहिलो चरणमा पहिलोपटक १६ नयाँ कानुन बनाएर जारी गरिएको हो। राज्य पुनःसंरचनामार्फत साविकका छ गाविस समावेश गरी स्थापना भएको नगरपालिकालाई सेवा प्रवाहमा कानुन, कर्मचारी र भौतिक संरचनाको अभाव मुख्य समस्या रहँदै आएको छ।

# सूर्यगढी खुला दिसामुक्त र पूर्ण खोपयुक्त घोषित

**नेपाल समाचारपत्र**

नुवाकोट

नुवाकोटको सूर्यगढी गाउँपालिकालाई बिहीबार खुला दिशामुक्त क्षेत्र र पूर्ण खोपयुक्त क्षेत्र घोषणा गरिएको छ।

गाउँपालिकाको कार्यालय बागेश्वरीको चोगदेमा आयोजना गरिएको कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वअर्थमन्त्री डाक्टर रामशरण महतले सूर्यगढी गाउँपालिकालाई नुवाकोटको दशौं स्थानीयतहको रुपमा खुला दिशामुक्त क्षेत्र र चौथो पूर्ण खोपयुक्त क्षेत्र भएको घोषणा गर्नुभएको हो। साविकको ४ गाविस लच्याङ, बागेश्वरी, हल्देकालिका र गणेशस्थान समावेश मिलेर बनेको सूर्यगढी गाउँपालिकामा रहेको करिब ४ हजार ४२ घरधुरीमध्ये ९९ प्रतिशत घरमा पक्की शौचालय निर्माण भएको सरकारी तथ्यांकका आधारमा सरसफाइको एक हिस्साका रुपमा रहेको खुला दिशामुक्त क्षेत्र घोषणा भएको पूर्वअर्थमन्त्री महतले उद्घोष गर्नुभएको हो।

यसै गरी गाउँपालिकाभित्रका खोपको पहुँचमा आउनुपर्ने उमेर समूह १६ देखि २३ महिनासम्मका २ सय ६ जना बालबालिका सबैले तोकिएको ११ प्रकारको खोप लिएकाले जिल्लाको चौथो स्थानीयतहको रुपमा सूर्यगढी पूर्ण खोपयुक्त भएको घोषणा गरिएको हो। पूर्वअर्थमन्त्री महतले सरसफाइ र स्वास्थ्यप्रति जागरुक हुँदै भूकम्पले क्षति पुगेको आवास पुनर्निर्माण हुन अझै बाँकी रहदाँ पक्की शौचालयको निर्माण गरी सभ्य समाजका रुपमा देखिएको चेतनाले अब आर्थिक समृद्धि तथा विकासको गतिमा अघि बढ्न प्रेरणा दिएको बताउनुभएको छ।

उहाँले सूर्यगढी गाउँपालिकाभित्र रहेको खानेपानीको अभावले घोषणा भएको खुला दिशामुक्त कार्यान्वयनमा चुनौती देखिएकाले ड्वाचे खानेपानी आयोजनालाई चाँडै सम्पन्न गर्न जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय नुवाकोटलाई आग्रह गर्नुभएको छ। कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्य बहादुरसिंह लामा तामाङले आधुनिक तथा प्रविधिको युगमा शौचालय निर्माण जस्ता दैनिकी जीवनसँग जोडिएका पक्षमा सुधार गर्न नेपालीले ढिलाइ गरी सरसफाइमा जागरुकता ल्याउन कठिन भएको बताउनुभएको छ।

यस्तै जिल्ला समन्वय समितिका प्रमुख एवं जिल्ला सरसफाइ तथा स्वच्छता समन्वय समितिका अध्यक्ष सन्तमान तामाङले भूकम्पको आवासमा क्षति पुगेपछि पुनर्निर्माणका लागि स्थानको निश्चित नहुदाँ घोषणा कार्यक्रममा प्रभावित हुनु पुगेकाले कार्यान्वयन भने उत्कृष्ट हुने विश्वास लिएको बताउनुभएको छ। गाउँपालिका अध्यक्ष सन्तबहादुर घलेले गाउँपालिकामार्फत प्रवाह हुने सेवामा स्वास्थ्य र सरसफाइलाई प्राथमिकतामा राखेर आवश्यक योजना तथा कार्यक्रम ल्याएर कार्यान्वनमा सबैलाई जागरुक बनाउने बताउनुभएको छ। खुला दिशामुक्त तथा पूर्ण खोपयुक्त घोषणा कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सभापति जगदिश्वरनरसिंह केसी, कांग्रेस युवा नेता रमेशकुमार महत, जिसस जिल्ला उपप्रमुख अप्सरा थापा, जिल्ला जनस्वास्थ्य कार्यालय नुवाकोटका खोप अधिकृत अमृत महर्जनलगायतले घोषणा भएको कार्यक्रमलाई सहीरुपमा कार्यान्वयन गरी विकास तथा सभ्य समाजतर्फ रुपान्तरण हुन आग्रह गरेका छन्।

खुला दिसामुक्त कार्यक्रममा वक्ताहरूले शौचालयको प्रयोग गर्न खबरदारी गर्ने र सरसफाइमा जोड दिनेलाई पुरस्कार र लापरबाही गर्नेलाई कारबाही गर्नुपर्ने, साबुनपानी तथा खरानीपानीले हात धुने बानीको विकास गर्नुपर्ने, व्यक्तिगत एवं घरायसी सरसफाइमा जोड दिनुपर्ने, फोहोरमैला व्यवस्थापन तथा उपयोगको कार्यक्रम लागू गर्नुपर्ने, सुरक्षित पिउने पानीको महत्त्व र प्रयोगमा जोड दिनुपर्ने, गाउँघरबीच सरसफाइ र नमुना गाउँ बनाउने विषयमा प्रतिस्पर्धा गराउनुपर्ने, वडालाई आगामी दिनमा धुवाँमुक्त र प्लास्टिकमुक्त क्षेत्र घोषणातर्फ लाग्नुपर्ने सुझाव दिएका छन्।

कार्यक्रममा खोप तथा स्वास्थ्यसम्बन्धी जनेचेतनामूलक साँस्कृतिक कार्यक्रममा उत्कृष्ट भएको बागेश्वरी माविलाई १५ हजार, दोस्रो भएको गणेशस्थान स्थित गणेश माविलाई १० हजार, तेस्रो भएको हल्देकालिका स्थित गणेश माविलाई ५ हजार, सान्त्वना स्थान हासिल गर्ने विनायक मावि र कालिका माविलाई २५ सय रुपियाँ नगद पुरस्कार प्रदान गरिएको थियो। खुला दिशामुक्त तथा पूर्ण खोपयुक्त कार्यक्रममा स्थानीय तह राष्ट्रियस्तरका कलाकारले साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए भने विभिन्न स्थानबाट ज्याली, झाँकीसमेत निकालिएको थियो।

नुवाकोटमा रहेका १२ स्थानीय तहमध्ये सूर्यगढी गाउँपालिका खुला दिसामुक्त हुने स्थानीय तहको १०औं स्थानमा परेको छ। गत जेठ ८ गते नै नुवाकोटलाई खुला दिशामुक्त क्षेत्र घोषणा गर्ने तयारी भए पनि ३ स्थानीय तह ककनी, सूर्यगढी र बेलकोटगढीमा शौचालय बन्न नसक्दा नुवाकोट खुला दिसामुक्त क्षेत्र घोषणा गर्न पछाडि धकेलिएको थियो। सूर्यगढी गाउँपालिकालाई खुला दिसामुक्त क्षेत्र घोषणा गरिएसँगै नुवाकोटमा अब २ गाउँपालिका मात्रै खुला दिसामुक्त क्षेत्र घोषणा हुन बाँकी छ।

# श्रमजीवी पत्रकारको पारिश्रमिक कार्यान्वयनमा जोड

**नेपाल समाचारपत्र**

काभ्रे




सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले श्रमजीवि पत्रकारको पारिश्रमिकका लागि सबै पक्ष जिम्मेवार हुनु पर्ने बताएका छन्। 'एक पक्षले मात्रै ऐनको कार्यान्वयन गर्दैमा पत्रकारको पारिश्रमिक प्राप्ति हुँदैन' -मन्त्री बास्कोटाले भने।

न्यूनतम पारिश्रमिक निर्धारण समितिको आयोजनामा श्रमजीवि पत्रकार ऐनको कार्यान्वयन समस्या र समाधानका उपाय विषयक प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रममा बोल्दै मन्त्री बास्कोटाले सरकारले सबै सञ्चारमाध्यमको विकासका लागि बनाएका योजनाह कार्यान्वयन गर्दै लैजाने बताए। ऐन कार्यान्वयन कस्ता मिडियाबाट शुरु गर्ने? न्यूनतम पारिश्रमिक निर्धारण समितिले तलब मात्रै सिफारिस गरेर बस्ने कि, अधिकार सम्पन्न बनाउने? प्रेस काउन्सिलको भूमिका कति बनाउने? सबै क्षेत्रलाई हेर्ने छुट्टै निकाय बनाउने कि? छलफलबाट टुंग्याउने मन्त्री बास्कोटाले बताए।

नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष गोविन्द आचार्यले देशभर रहेका सञ्चारमाध्यममा भएको समस्याका बारेमा पत्रकार र मिडिया जिम्मेवार भएको बताए। पत्रकारलाई काम मात्रै गर्न पाए हुने र नियुक्तिका विषयमा प्रश्नसमेत नगर्ने भएपछि मिडिया सञ्चालकले पत्रकारको श्रमको विषयमा आफ्नै निर्णय गर्न सक्ने भएको बताए। समितिले निर्धारण गरेको पारिश्रमिक पत्रकारले व्यवहारमा नपाएको भन्दै पत्रकार नै आफैं त्यसका लागि तयारी हुनुपर्ने बताउँदै आचार्यले श्रमजीवि पत्रकारको पक्षमा महासंघ रहेको बताए। सञ्चार माध्यममा पत्रकार महासंघको शाखासँगै ट्रेड युनियन खोलेर श्रम र अधिकारका बारेमा आवाज उठाउनुपर्ने आचार्यले बताए।

न्यूनतम पारिश्रमिक निर्धारण समितिका पूर्वअध्यक्ष डा. सुरेश आचार्यले विगतमा भएका ऐनको कार्यान्वयनमा समस्या भएको बताए। पत्रकार जति पैसा भए पनि काम गर्न जाने र वर्षौं बितिसक्दासमेत तलब नलिई काम गर्ने समस्या पुरानो भएको बताउँदै आचार्यले पत्रकार र सञ्चार माध्यम दुवैका कारण ऐन कार्यान्वयनमा समस्या भएको बताए।

समितिका अध्यक्ष गंगाधर पराजुलीले समितिले सबै सञ्चारमाध्यममा श्रमजीवि ऐन कार्यान्वयनका लागि खबरदारी गरेको र उजुरी परेका पत्रकारको पक्षमा वकालत गरिरहेको बताए। समस्यै समस्याका बाबजुत पनि समितिले पछिल्लो समय ३० वटा जिल्लामा अन्तर्क्रिया कार्यक्रम आयोजना गरी ऐन र पारिश्रमिकमा भएका समस्या र समाधानका विषयमा जानकारी गराएको अध्यक्ष पराजुलीले बताए। कार्यक्रममा नेपाल पत्रकार महासंघ काभ्रे शाखाको संयोजन रहेको थियो। जिल्लाअध्यक्ष मोतीराम तिमल्सिना, प्रदेश सचिव सुरेश हुमागाईंले साना-साना अखबारमा श्रमजीवि ऐन कार्यान्वयनमा समस्या भएको बताए।

### सूचनाको हकसम्बन्धी बुझाइ नयाँ चरणमा

नेपाल पत्रकार महासंघ काभ्रे शाखाले आयोजना गरेको सूचनाको हक संरक्षण, प्रवर्द्धन र प्रचलनसम्बन्धी गोष्ठिमा बोल्दै राष्ट्रिय सूचना आयोगका आयुक्त यशोदा तिम्सिनाले सूचनाको हकसम्बन्धी कानुनको बुझाइ नयाँ चरणमा प्रवेश गरेको बताइन्।

हिजोजस्तो सूचनाको हकका बारेमा भएका अभ्यास र बुझाइ फरक हुँदै गएको आयुक्त तिम्सिनाले बताउँदै सरकारी तथा गैरसरकारी निकायले सूचना लुकाउँदा उनीहरूलाई नै समस्या पर्ने जानकारी गराइन्। नागरिकले सूचना प्राप्तिका लागि निवेदन नै राख्नुपर्ने अवस्थाको अन्त्य गर्न सूचनाको हकसम्बन्धी कानुन कार्यान्वयन गर्नुको विकल्प नभएको बताइन्।

# दुई वडा प्रदेशकै पहिलो बालमैत्री

**नेपाल समाचारपत्र**

हेटौंडा




उत्तरी मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाका २ वडालाई प्रदेश-३ कै पहिलो बालमैत्री वडा घोषणा गरिएको छ। १० वर्षअघि प्रारम्भ गरिएको अभियानले सबै सूचक प्राप्त गरी पूर्णता पाएको हो।

फाखेलमा आयोजित कार्यक्रममा गाउँपालिका वडा-४ र ५ लाई संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले बालमैत्री वडा घोषणा गर्नुभएको हो।

कार्यक्रमले बालमैत्री स्थानीय शासन प्रणालीका लागि गाउँपालिकाको साविक फाखेल गाविसले बालमैत्री स्थानीय शासनका सूचकमा ९५ प्रतिशत पूरा गरेको दाबी गरिएको थियो। जसअनुरुप सूचकको शत्प्रतिशत् नजिक पुगेको तथ्यांकअनुसार फाखेलले घोषणा समारोह गरेको गाउँपालिका अध्यक्ष जीवन लामाले बताउनुभयो।

कार्यक्रमा मकवानपुर-२ सदस्य विरोध खतिवडा, प्रदेशसभा सदस्य माधव पौडेल, पूर्वजिविस सभापति वीरबहादुर लामा, संविधानसभा सदस्य सुभास ठकुरी, जिल्ला समन्वय समिति मकवानपुर प्रमुख रघुनाथ खुलाल, मकवानपुरका प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढा, उपप्रमुख भगवती पुडासैनी र नेपाल पत्रकार महासंघ काठमाडौं अध्यक्ष सन्तराम बिडारीलगायतको विशेष आतिथ्यता थियो।

कार्यक्रममा विभिन्न जातीय संस्कृतिअनुसार झाँकी प्रदर्शन, साँस्कृतिक नृत्य, स्थानीय तथा राष्ट्रिय कलाकारको साथमा बालमैत्री वडा घोषणा गरिएको थियो।

# काठमाडौं-कुलेखानी सडक स्थायी

**नेपाल समाचारपत्र**

हेटौंडा

काठमाडौं-फर्पिङ-हुमाने-फाखेल-कुलेखानी सडकलाई स्थायी बाटो कायम गर्ने अनुमति दिइएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको यातायात व्यवस्था विभागले सडकलाई स्थायी बाटो कायम गर्न अनुमति दिएको हो।

यसअघि उक्त सडकखण्डबाट अस्थायीरुपमा सवारी सञ्चालनमा थिए। केही निजी सवारीमात्र सञ्चालनमा आउँथे। उक्त बाटो चलेपछि सिस्नेरीको बाटो भएर भने कम सवारी साधन चल्ने भएका छन्।

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको कुलेखानीलगायतका सरोकारवालाले उक्त बाटोलाई स्थायी सडक कायम गरी भाडादर निर्धारण गर्न निवेदन दिएका थिए। उक्त निवेदनउपर विभागले जेठ १८ गते बाटोलाई स्थायी कायम गर्न अनुमति प्रदान गर्ने निर्णय गरेको हो।

विभागले यातायात व्यवस्था कार्यालयले साना, ठूला सवारी बागमती तथा इन्द्रसरोवर गाउँपालिकाको कुलेखानी र जिप सञ्चालन तथा समन्वय समिति काठमाडौंलाई बोधार्थ पठाउँदै निर्णयको जानकारी गराएको छ।

विभागको निर्णयअनुसार फर्पिङ-दक्षिणकाली-कुलेखानी २९ किमि सडक र काठमाडौं-फर्पिङ-हुमाने-फाखेल-कुलेखानी सडकबीच ६ किलोमिटर अन्तर देखिएको र सवारीसमेत निर्बाधिरुपमा सञ्चालनमा रहेको भन्दै अनुमति दिएको हो। काठमाडौं-फर्पिङ-दक्षिणकाली-कुलेखानी सडकखण्डको भाडादरबमोजिम नै उक्त सडकको भाडादर कायम गरिएको छ।

जिल्लाकै विकट सोरु गाउँपालिकामा गाडी पुगेकाले जिल्लामै र सोरु गाउँपालिकाका लागि नयाँ इतिहासको थालनी भएको छ।

# नेपाल

## काम सम्पन्न नगर्ने ठेकेदार कारबाहीको सिफारिसमा

सरिता चलाउने, सल्यान

सल्यानमा समयमा काम सम्पन्न नगर्ने ठेकेदारकारबाहीको सिफारिसमा परेका छन्। काम शुरू गरेदेखि लामो समयसम्म पनि काम सम्पन्न नगरेका ठेकेदारको नाम संकलन गरी गृह मन्त्रालयमा पठाइएको हो।

जिल्लाबाट केन्द्रीयस्तरका काम सञ्चालन गरिरहेका ३७ वटा आयोजनामध्ये समयमा काम सम्पन्न गर्न नसकेका २६ आयोजनाका काममा ठेकेदारले ढिलासुस्ती गरेको पाइएपछि नाम संकलन गरी गृह मन्त्रालयमा पठाइएको जिल्ला प्रशासन कार्यालय सल्यानले जनाएको छ ।

गृह मन्त्रालयको मागअनुसार ढिलासुस्ती गरेका ठेकेदारको सूची पठाएको प्रमुख जिल्ला अधिकारी परमानन्द घिमिरेले बताउनुभयो। मन्त्रालयको निर्देशनअनुसार कारबाही प्रक्रिया अगाडि बढाउनका लागि नाम संकलन गरेर गृहमा पठाएको उहाँले बताउनुभयो।

यसरी ढिलासुस्ती गर्नेमा जिल्ला प्रशासनको आफ्नै भवनका ठेकेदार पनि रहेको उहाँले बताउनुभयो। आर्थिक वर्ष ०६९/०२/०२ मा सम्झौता भई आर्थिक वर्ष ०७०/०२/०२ मा सम्पन्न गर्नुपर्ने योजनाको काम अझै ७० प्रतिशत मात्र सम्पन्न भएको छ। ठेकेदारको लापरबाहीले गर्दा यो योजना समयमा सम्पन्न हुन नसकेको बताइएको छ।

'जिल्ला प्रशासन कार्यालयका २ वटा भवनको काम गर्ने क्रममा ठेकेदार बीचमा भागेकाले गर्दा काममा ढिलाई भएको हो' -उहाँले भन्नुभयो।' प्रशासनले दिएको दबाबअनुसार अहिले ठेकेदारले काम गर्दै आए पनि सम्पन्न हुन अझै एक महिना लाग्ने देखिन्छ। काममा ढिलाई गरेका कारण कालोसूचीमा परेका ठेकेदारले २६ लाखभन्दा बढी जरिवाना तिर्नुपर्ने भएको छ।

ठेकेदारले कामलाई निरन्तरता दिए पनि समयमै सम्पन्न गर्न नसक्दा केही ठेकेदार कम्पनीले सरकारलाई जरिवानासमेत तिर्दै आएका छन्। ठेकेदारले कामप्रति कमचासो दिई ढिलासुस्ती गरेका कारण स्थानीय प्रशासनले छिटो काम गर्न तिनीहरूलाई ताकेता गरेको छ भने गृह मन्त्रालयमा ढिलासुस्ती गर्ने ठेकेदार कम्पनीको सूची पठाएको छ।

राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रमअन्तर्गत खलंगा -सिमखर्क-जयतपानी-बालुवासंग्रही सडक निर्माणमा सन्तोषी/लोहनी जेभी ठेकदार कम्पनीले काममा ढिलाई गरेको जिल्ला प्राविधिक कार्यालय सल्यानका प्रमुख कृष्ण पण्डितले बताउनुभयो।

विसं २०७२/०६/२१ मा सम्झौता भई २०७४/१२/२१ मा सम्पन्न गरिसक्नु पर्ने सडक निर्माण कार्यमा ढिलाई भएको कार्यालयले जनाएको छ। २१ करोड ७४ लाखको सो आयोजनाबाट ३२ किलोमिटर ७ सय मिटर काम गर्नुपर्नेमा ठेकेदारले अहिलेसम्म ६३ प्रतिशत मात्र काम सम्पन्न गरेको उहाँले बताउनुभयो।

उहाँका अनुसार ठेकेदारको काम समयमा सम्पन्न नभएका कारण दैनिक ०.०५ प्रतिशतका दरले १ लाख ८ हजार जरिवाना तिर्नुपर्नेछ। आयोजनाको म्याद थप भएमा भने ठेकेदार कम्पनीले जरिवाना तिर्नु पर्दैन। ठेकेदारले काम गरिरहेकाले म्याद थपका लागि केन्द्रमा पत्र पठाएको उहाँले बताउनुभयो।

ठेकेदारले काममा गरेको ढिलाईका कारण गर्मीको समयमा यात्रु धुलोले पुरिने मात्र नभई वर्षात् मा हिलो हुने गर्दा आवत-जावत गर्न समस्या हुने गरेको छ। छिटो काम गर्न ठेकेदार कम्पनीलाई कार्यालयले निर्देशन दिँदै आएको छ।

यस्तै सल्यानमा सञ्चालित ९ वटा स्वास्थ्यचौकीका भवनमा लेखपोखरा प्राथमिक स्वास्थ्य केन्द्र, घाँजरीपीपल र हिवल्चा स्वास्थ्य चौकीको काममा ठेकेदारले ढिलासुस्ती गरेको भवन डिभिवन कार्यालय दाङका प्रमुख राजेन्द्र पाण्डेले बताउनुभएको छ।

तुलसीपुरदेखि सल्यानका विभिन्न ठाउँमा सञ्चालित सडक मर्मत, पर्खाल, पुल निर्माणमा ठेकेदारले गरेको बेवास्ताकै कारण ढिलाई भएको सडक विभाग दाङका प्रमुख बद्रिप्रसाद शर्माले बताउनुभयो। उहाँले विभिन्न समयमा गरी सल्यानका लागि १७ योजना टेन्डर गरिएको जानकारी गराउनुभयो। उनीहरूले काम गरे पनि तीव्रता दिन नसकेको उहाँले दाबी गर्नुभयो।

सिँचाइ डिभिजन कार्यालय सल्यानले ३ योजनामध्ये थारमारेको सिँचाइ आयोजना सामान ढुवानीमा हुने समस्याले गर्दा ढिलाई भएको जनाएको छ। कार्यालयले टाटके सिँचाइ योजना सम्पन्न भइसकेको र अर्को रामपुर ठूलो कुलो सिँचाइ योजनाको ९५ प्रतिशत काम सम्पन्न भइसकेको कार्यालयले जनाएको छ।

## ग्रामीण क्षेत्रमा रोपाइँको चटारो

विमल विष्ट, डोटी



वर्षा शुरू भएसँगै डोटीका ग्रामीण क्षेत्रमा धान रोपाइँको चटारो बढेको छ। किसान बिहानदेखि साँझसम्म धान रोपाइँ गर्नमै व्यस्त छन्।

समयमै मनसुन शुरू भई पानी पर्न थालेपछि सिँचाइ सुविधा नभएका स्थानमा समेत रोपाइँ शुरू भएको जोरायल गाउँपालिका-३ का दिनेश मल्लले बताउनुभयो। उहाँले भन्नुभयो- 'यो वर्ष समयमै मनसुन शुरू भएको छ, किसानलाई धान रोपाइँले भ्याई नभ्याई भाको छ, खाना खाने फुर्सद नै हुँदैन।'

जिल्लाका ग्रामीण क्षेत्रका अधिकांश भागमा अहिले पनि परम्परागत शैलीमा गोरुले नै जोतेर रोपाइँ गर्ने गरिन्छ भने आधुनिक कृषियन्त्रको पनि प्रयोग बढ्दो क्रममा रहेको जिल्ला कृषि विकास कार्यालय डोटीले जनाएको छ। डोटीमा कुल १० हजार ६ सय ६५ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिन्छ।

कृषि विकास कार्यालय डोटीको तथ्यांकअनुसार गएको वर्ष डोटीमा २२ हजार ४ सय ४४ मेट्रिक टन धान फलेको र जसले गर्दा जिल्लामा २.१४ टनप्रति हेक्टर धान उत्पादनमा वृद्धि भएको थियो। यहाँका ग्रामीण क्षेत्रमा धान रोपाइँको चटारो भए पनि जिल्ला सदरमुकाममा पानी नपर्दा धानको बेर्नासमेत राख्न सकिएको छैन। कृषि विकास कार्यालय डोटीको तथ्यांकअनुसार जिल्लाका ग्रामीण क्षेत्रमा करिब ४० प्रतिशत धान रोपाइँ सकिएको छ।

## करेन्ट लागेर मृत्यु

बाजुरा, (नेस)

बाजुराको बडिमालीका नगरपालिका-४ तिपाडामा करेन्ट लागेर १ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा बडिमालिका नगरपालिका-५ का जनकबहादुर साउद रहेको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ।

मृतक साउद मिटरवक्समा जडान गर्ने कालोतार जडान गर्नका लागि पोलमा गएको र तार जडान गर्ने क्रममा विद्युत्गृहबाट सर्टडाउन नमाग्दा करेन्ट लागेर मृत्यु भएको बताइएको छ। वर्ष २२ का साउदले पोलमा उक्लिँदा प्रयोग गर्नुपर्ने विद्युतीय सुरक्षाका सामग्री सेफ्टी बेल्ट, पन्जा, जुत्ता, लाइनटेस्टरजस्ता कुनै पनि सामग्रीको प्रयोग नगर्दा घटना भएको हुनसक्ने बताइएको छ।

## अवैध सुन र चाँदीसहित दुई पक्राउ

संखुवासभा, (नेस)

संखुवासभाको तुम्लिङटारमा अवैधरूपमा लुकाई ल्याएको सुन र चाँदीसहित प्रहरीले २ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा खाँदबारी नगरपालिका-१० का कमलबहादुर विश्वकर्मा र धरान उपमहानगरपालिका-१७ का अर्जुन विश्वकर्मा रहेका छन्।

उनीहरूको साथबाट ६ तोला ३२ लाल सुन र १ किलो ७ सय ९८ ग्राम चाँदी बरामद गरिएको प्रहरी नायव उपरीक्षक श्याम सारुमगरले बताउनुभयो। उनीहरू सुनसरीको धरानबाट संखुवाभसाको खाँदबारीतर्फ सुन र चाँदी लुकाई ल्याउँदै गर्दा उनीहरूलाई खाँदबारी नगरपालिका-९ स्थित गिद्धेमा चेकजाँच गर्ने क्रममा पक्राउ गरिएको बताइएको छ।

पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान र आवश्यक कारबाहीका लागि पूर्वाञ्चल क्षेत्रीय राजश्व अनुसन्धान कार्यालय इटहरी पठाइएको प्रहरीले जनाएको छ।

यसैबीच संखुवासभाको चिचिला गाउँपालिकामा अविरल वर्षापछि खोलामा आएको बाढीले बगाएर १ जनाको मृत्यु भएको छ। सिलिचोङ गाउँपालिका-४ का ३६ वर्षीय मनकुमार राई चिचिला गाउँपालिकास्थित हाँडी खोला तर्ने क्रममा बाढीले बगाएको थियो।

खाँदबारीबाट घरतर्फ गएका राईलाई खोला तर्ने क्रममा बगाएको र उनलाई मृत अवस्थामा १ सय मिटर तल खोलाको बगरमा भेटिएको प्रहरी नायव उपरीक्षक श्याम सारुमगरले बताउनुभयो।

## टोल-टोलमा प्रहरी अभियान शुरू

नेपाल समाचारपत्र

गुल्मी

गुल्मीमा 'टोल-टोलमा प्रहरी अभियान' शुरू गरिएको छ। समाजमा प्रहरी भनेका हाम्रो सुरक्षाका लागि खटिने सुरक्षाकर्मी हुन् भन्ने भावना र सम्बन्धको विकास गर्न गुल्मीमा टोल-टोलमा प्रहरी अभियान शुरू गरिएको हो। जिल्ला प्रहरी कार्यालय गुल्मीले शुक्रबार सदरमुकाम तम्घासमा आयोजना गरेको एक कार्यक्रमका बीच जिल्लाका प्रमुख जिल्ला अधिकारी कोशलराज शर्माले 'टोल-टोलमा प्रहरी अभियान' कार्यक्रमको उद्घाटन गरेका हुन्।

कार्यक्रमको उद्घाटन गर्दै अधिकारी शर्माले कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सके समाज सुधारमा महत्त्वपूर्ण भूमिका निर्वाह हुने बताए। उनले टोल-टोलमा प्रहरी कार्यक्रमले समुदायमा प्रत्यक्ष जनसहभागितामा पारदर्शी काम गर्न सक्छ भन्ने अभिप्रायले यो कार्यक्रम प्रभावकारी हुनेमा विश्वास व्यक्त गरे।

समाजमा शान्ति सुरक्षा अमनचयन कायम गर्नुका साथै आफ्नो सेवा जनतामाझ कसरी प्रभावकारीरूपमा पुऱ्याउन सकिन्छ भनेर टोल-टोलमा प्रहरी कार्यक्रमले सहायता दिने प्रहरी प्रमुख प्रहरी उपरीक्षक अनुराग द्विबेदीले बताए। उनले टोल-टोलमा पुगेर जनतासँग शान्तिसुरक्षा, लागूऔषध, ट्राफिक जनचेतना, महिला हिंसा, दुर्घटना न्यूनीकरणजस्ता कार्यक्रम समावेश गरेर जनतामा शान्ति सुरक्षाको विश्वसनीयता दिलाउनु रहेको बताए।

## नेपाली चेलीलाई भारत लैजान खोज्ने ४ जना जेल चलान

नेपाल समाचारपत्र

विराटनगर

मानव बेचबिखन तथा ओसारपसार मुद्दामा पक्राउ परेका ४ जना अभियुक्त पुर्पक्षका लागि चेल चलान भएका छन्। मानव तस्करी गर्ने मुख्य नाइके भारत सुपौलको कजहा-१४ का ३० वर्षीय प्रदुम्ब सुतिहार, सोही ठाउँका २५ वर्षीय प्रकाशकुमार मण्डल, झापा मेचीनगर नगरपालिका-६ काँकडभिट्टाकी २२ वर्षीय लक्ष्मी दनुवार मण्डल र मेची नगरपालिका-१० धुलाबारी बस्ने १९ वर्षीय पुस्मिता दनुवारलाई जिल्ला अदालत मोरङले जेल पठाएको हो।

जिल्ला अदालतका न्यायाधीश कमलप्रसाद पोखरेलको इजालसले उनीहरूलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको हो। उनीहरूलाई अहिले मोरङ जिल्ला कारागार विराटनगरमा राखिएको छ। अदालतले उनीहरूलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन-२०६४ को दफा ८ र मुलुकी ऐन अव ११८ को दफा-२ बमोजिम थुनामा राख्न आदेश दिएको हो।

आकर्षक तलब र विभिन्न प्रलोभन देखाएर झापाको मेची नगरपालिका-१० का २ जना किशोरीलाई विराटनगर भन्सार नाका हुँदै भारततर्फ लैजाँदै गरेको अवस्थामा 'साना हातहरू नेपाल' नामक संस्था र इलाका प्रहरी कार्यालय रानी विराटनगरले जेठ ३ उनीहरूलाई नियन्त्रणमा लिएको थियो।

मुद्दाको वादीका तर्फबाट जिल्ला सरकारी वकिलको कार्यालय विराटनगरका सहायक जिल्ला न्यायाधिवक्ता पदमप्रसाद वस्ती र प्रतिवादीका तर्फबाट अधिवक्ता राजकुमार राउतले बहस गरेका थिए।

### सोरु गाउँपालिकालाई सडक यातायातले छोयो

## स्थानीयको गाडी चढ्ने सपना पूरा

वीरबहादुर बम, मुगु

मुगुका ४ वटा स्थानीय तहमध्ये विकास र आयको अवस्था न्यून रहेको सोरु गाउँपालिकाको वडा नं ८ कच्चे गाउँसम्म सडक यातायातअन्तर्गत जिप र ट्रक पुगेपछि स्थानीयको वर्षौंदेखिको गाडी चढ्ने सपना पूरा भएको छ। वर्षौंदेखि निर्माणाधीन सडकको रूपमा रहेको गमगढी-गिलाहाँ सडकखण्डमा शुक्रबार गाडी गुडेपछि स्थानीय हर्षित भई गाडी उद्घाटनमा त्यहाँ पुगेका ग्रामीण पहुँच कार्यक्रमका कर्मचारी, स्थानीय निकायका पदाधिकारी सरकारी र गैरसरकारी कार्यालयबाट गाडी लिएर त्यहाँ पुगेका सबैलाई अबिर, माला र दोसल्ला ओढाएर र मीठो परिकार उपलब्ध गराई स्थानीयले भव्य स्वागत गरेका थिए। उक्त सडक उद्घाटनका क्रममा २ दर्जनभन्दा बढी जिप र ट्रकमा भरिभराउ मानिसले सदरमुकाम गमगढी र सोरु गाउँपालिका बस्तीमा आवत-जावत गरेका थिए।

ग्रामीण पहुँच कार्यक्रम तेस्रो चरणअन्तर्गत सन् २०१३ अक्टोबरबाट सदरमुकाम गमगढीदेखि धैनकोट धुलाचैरअन्तर्गत गिलाहाँसम्मको २३ किमिमध्ये १७ किमिसम्मको सडक राम्रो देखिएकाले सदरमुकाम गमगढीदेखि सोरु गाउँपालिकको कच्चेसम्मको सडक प्राविधिक दृष्टिले निर्माण कार्य सम्पन्न भई सकेकाले यातायातको आवागमन सहज भएको हो। फोर ह्विल टेस्ट ड्राइभबाट सडक गुणस्तरीय राम्रो देखिएको उपस्थित प्राविधिकले कार्यक्रममा बताएका छन् । सडकको कुल लागत ४८ करोड रकम र ७० वटा गुप्र



वर्क छनोट गरी १४ सय मानिसको निरन्तरको मेहेनतबाट सोरुवासीको गाडी चढ्ने सपना पूरा भएको छ। 'गाडी मात्र चढाएनौं, हामीले स्थानीय कामदारलाई रोजगारी सिर्जनासमेत गरिदियौं' -ग्रामीण पँहुच कार्यक्रमका केन्द्रीय संयोजक बिस्नुराम विस्ट बताउनुहुन्छ।

'निरन्तर ४ वर्षको कडा मेहेनतपछि स्थानीय मजदुरको प्रयोग गरी कुनै मेसिनको प्रयोग नगरी हामीलाई रोजगारी दियो, सचेत बनायो, छोराछोरी पढाउन सजिलो पनि गरिदियो, लुगा फेर्न सजिलो पनि गरिदियो, आज आएर गाडी देख्न त के चढ्नसमेत पाइयो, अब हामी महिलाका समेत दुःखका दिन गई सुख फर्किएको अनुभूति भएको छ त्यसका लागि हामी सबैको तर्फबाट ग्रामीण पहुँच कार्यक्रमलाई धन्यवाद' -धूपिसल्ला सामुदयिक सामूहकी अध्यक्ष कमला बुढा बताउनुहुन्छ।

हामीले रोड मात्र काट्यौं तर गाडी देख्न पाएका थिएनौं, गाडी पनि आउला भन्ने पनि सोचेका थिएनौं, मेसिनै नलगाई कसरी पहाडलाई छिनेर रोड बन्छ भन्ने सोचेका थियौं तर त्यो सबै सम्भव भएर आज सोरुवासीको सपना पूरा भएको छ ।अब यहाँका बिरामी अकालमा मर्नु नपर्ने र अन्नबालीले मूल्य पाउनेछ। सोरुका मानिसलाई विकास र भौगालिक विकटता र चेतनाको अभावले गोरु भन्ने चलन थियो। आजबाट त्यो दिन गएको सोरु गाउँपालिका कडा नं. ८ का स्थानीय कन्न रावल बताउनुहुन्छ। अब १७ किमि सडकमा कुनै अवरोध नहुने २ महिनापछि ४ पांग्रे गाडी गुडाउने लक्ष्य रहेको कुरा जिल्ला टिम लिडर मोहन रसाइली बताउनुहुन्छ।

जिल्लाकै विकट सोरु गाउँपालिकामा गाडी पुगेकाले जिल्लामै र सोरु गाउँपालिकाका लागि नयाँ इतिहासको थालनी भएको छ। अब सोरु गाउँपालिकाको कायापलट गर्ने माध्यम सडक यातायातसँगै रहेकाले सोरु गाउँपालिकाको नयाँ भाग्य र भविष्यको थालनी भएको छ। अझै सडकको स्तरोन्नतिका लागि सरोकारवाला निकायले सोच्नुपर्ने कुरा जिल्ला समन्वय समितिका संयोजक पूर्णबहादुर रोकायाले बताउनुभयो।

सोरु गाउँपालिकाको वडा नं ८ को कच्चे गाउँबाट सदरमुकाम गमगढीसम्म पैदल ६ घन्टा लाग्थ्यो भने गाडीबाट १ घन्टाको समयमै सदरमुकामसम्म पुग्न सकिनेभएको छ । सडक पक्की भएपछि आधा घन्टाको समयमै सोरु गाउँपलिकाको कच्चेमा पुगिने भएपछि स्थानीयले ठूलै राहत पाउने भएका छन्। वर्षौंदेखि गाडीको प्रतीक्षामा बसेका हजारौं सर्वसाधारणले गाडीको अवलोकन गरेका थिए।

मुद्दा नं.:073-CP-1287/3157, फाँट नं. : ५

**मोरङ जिल्ला अदालतबाट जारी भएको प्रतिवादी जिल्ला सुनसरी ईटहरी उपमहानगरपलिका वडा नं. ०४ बस्ने सरोज बरुवाल नाउँको इतलायनामा** .......................

उप्रन्त जिल्ला मोरङ, सुन्दरहरैचा नगरपालिका वडा नं.०८ बस्ने सं.स. गंगा राउत बरुवालले तपाईको नाउँमा मिति २०७३।१२।३० मा अंश चलन मुद्दामा यस अदालतमा फिराद दिएको हुँनाले फिराद पत्र र तत्सम्बन्धी लिखत प्रमाणको नक्कल सहित तपाईको नाउँमा म्याद जारी गरी पठाईएकोमा फेला नपरेको भनी बेपत्ते व्यहोराले तामेल भई भएको र वादीले राष्ट्रिय स्तरको पत्रिकामा म्याद प्रकाशित गरी तामेल गरी पाउँ भनी कागज गरेकाले तपाईको नाउँमा ३० दिने म्याद सूचना प्रकाशित गरिएको छ । प्रस्तुत म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३० (तिस) दिन भित्र प्रमाण सहीत प्रतिउत्तर लिई आउनु होला । हाजिर हुन नआई म्याद गुजारी बसेमा कानून बमोजिम हुनेछ।

इति सम्वत्२०७५ साल असाढ ०१ रोज ६ शुभम्....

**बनेपा नगर कार्यपालिकाको कार्यालय**

**शौचालय दस्तुर उठाउने सम्बन्धी सार्वजनिक बढाबढको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७५।३।२)**

यस बनेपा नगरपालिकाको स्वामित्वमा रहेको बनेपा नगरपालिका वडा नं. ८ बसपार्क स्थित पुरानो सपिङ कम्प्लेक्सको दायाँवायाँ रहेका दुईवटा र नयाँ सपिङ कम्प्लेक्समा रहेको एउटा समेत जम्मा तीनवटा शौचालयहरु आ.व. २०७५।०७६ को अबधि भरको लागि सञ्चालन गर्न ठेक्कामा दिन यो सूचना प्रकाशित गरिएको छ । शौचालय रहेको क्षेत्र वरपर समेत सरसफाई गर्ने गरी उल्लेखित शौचालय सञ्चालन गरी शुल्क असुल गर्न चहाने इच्छुक नेपाली नागरिक वा दर्तावाला संस्थाले वार्षिक रुपमा कति सम्म रकम यस नगरपालिकालाई बुझाउने हो सो को अंक र अक्षरमा समेत स्पष्ट उल्लेख गरी प्रथम पटक सूचना प्रकाशित भएका मितिले एकतीसौं दिन भित्र शिलबन्दी बोलपत्र प्रस्तुत हुने यो सूचना प्रकाशित गरिएको छ ।

१.बोलपत्र सम्बन्धी विस्तृत विवरण बनेपा नगरपालिकाको वेभसाइट **banepamun.gov.np** मा हेर्न सकिनेछ ।